ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक ११२
१२ माघ २०७९ बुधबार
25 Jun. 2023, Thursday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## मधेश प्रदेश : सत्तासाझेदार दलले जुटाए मन्त्रालयको भागबन्डामा सहमति

### एमाले ४, जसपा ३, जनमत २ र माओवादी १

**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, जनकपुर**

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले शपथ ग्रहण गरेको दुई साता बितिसक्दा पनि सरकारले पूर्णता पाउन सकेको छैन।

सत्ता साझेदार दलहरुबीच मन्त्रालयको भागबन्डामा औपचारिक सहमति हुन नसक्दा अहिले पनि प्रदेश सरकारले पूर्णता पाउन नसकेको हो।

मन्त्रिपरिषदले पूर्णता पाउन नसकिरहेको समयमा प्रदेश सरकारका सत्ता साझेदार दलहरुले मन्त्रालय भागबन्डाको विषय मोटामोटी टुंगिएको बताएका छन्। सत्ता साझेदार दलहरुको छलफलबाट एक दुई दिन भित्रै मन्त्रिमण्डलले पूर्णता पाउने बताइएको छ। मधेश सरकारमा जनता समाजवादी पार्टी (जसपा), नेकपा एमाले, जनमत पार्टी र माओवादी केन्द्रले सत्ता साझेदारी गरेका छन्।

यता सरकारलाई समर्थन गरेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई तत्काल सरकारमा सहभागी नगराइने भएको छ।

यसअघि मुख्यमन्त्री यादवले लोसपालाई सरकारमा सहभागी गराउने तयारी गरिएको अभिव्यक्ति दिएपनि संघीय संसदमा सभामुख र उपसभामुखको निर्वाचनमा



विपक्षी गठबन्धनलाई सहयोग गरेकाले मधेश सरकारमा सहभागी नगराउने एमालेका संसदीय दलका नेता एवम् बिनाविभागीय मन्त्री सरोजकुमार यादवले जानकारी दिए।

मंगलबार अबेर रातिसम्म बिनाविभागीय मन्त्रीहरुको जिम्मेवारी बाँडफाँड गरिने उनले बताए।

मन्त्री यादवले सत्ता साझेदार दलहरुको बैठकबाट मन्त्रालय भागबन्डाको सहमति जुटाइने बताए। अहिलेसम्मको सहमति अनुसार एमालेले ४, जसपाले ३, जनमत पार्टीले २ र माओवादी केन्द्रले १ मन्त्रालय पाउने सहमति




## प्रेम आचार्यको आत्मदाहबारे सरकारले छानबिन गर्ने

**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, काठमाडौं**

इलामका व्यवसायी युवा प्रेमप्रसाद आचार्यले मंगलबार नयाँबानेश्वर स्थित संसद भवनअगाडिको सडकमा गरेको आत्मदाहबारे छानबिन गर्न सरकारले समिति बनाएको छ।

बुधबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्रुको बैठकले आचार्यले आत्मदाहसम्म पुग्नुपर्ने कारणसहितको विवरण पत्ता लगाउने जिम्मेवारीसहित छानबिन समिति बनाउने निर्णय गरेको हो।

बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आत्मदाह गरेका आचार्यले उठाएका विषयहरुको छानबिन गर्न गृह मन्त्रालयबाटै तदारुकतासाथ लाग्ने निर्णय भएको बताए।

उनले मन्त्रालयले सत्यतथ्य बाहिर ल्याएर छानबिनपछिको निष्कर्षअनुसार आवश्यक कदम चाल्ने बताए। लामिछानेले बुधबार नै छानबिनकार्य गृह मन्त्रालयको तदारुकतामा अघि बढाउने बताए। मृतकले उठाएका विषयहरुको छानबिनपछि आवश्यक कारबाही गर्ने निर्णय भएको उनले बताए।

प्रेम आचार्यले उठाएका विषय छानबिन गर्ने मन्त्रिपरिषद्को निर्णय 'आत्मदाह गर्नुभएका प्रेमजीको विषयलाई लिएर हामीले उहाँले गम्भीर विषयहरु उठान गर्नुभएको छ। लेख्नुभएको थियो, अन्यायमा परेको विषय उठान गर्नुभएको थियो, त्यसलाई छानबिनमा ल्याउने र गृह मन्त्रालयले नै तदारुकताका साथ अघि बढाएर छानबिन गरी सत्यतथ्य बाहिर आएपछि तदनुसार सरकारले आवश्यक कदम चाल्ने निर्णय भएको छ', उनले भने, 'आज नै छानबिन सम्बन्धी गृह मन्त्रालयको तदारुकतामा अघि बढाउनेछौँ। उहाँले भन्नुभएको विषयहरु छानबिनका क्रममा निस्किएपछि आवश्यक कारबाही गर्ने निर्णय भएको छ। छानबिनको नतिजाका आधारमा गर्नुपर्ने कार्य सरकारले गर्ने छ।' गृहमन्त्री लामिछानेले छानबिनको नतिजाका आधारमा गर्नुपर्ने कार्य सबै सरकारले गर्ने पनि बताएका छन्।

## आज श्रीपञ्चमी, देशभर विद्याकी देवी सरस्वतीको पूजा आराधना गरिँदै



**ढल्केवर/** हरेक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने 'श्रीपञ्चमी' पर्व आज विद्याकी अधिष्ठात्री देवी सरस्वतीको देशभर निष्ठापूर्वक पूजा-आराधना गरी मनाइँदै छ। चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन्। विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आआफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन्। सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन्।

सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ। ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ। यसैकारणले सरस्वती पूजालाई ठूलो महत्व दिइन्छ। आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ।

आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ।

## सम्पादकीय

# सरकार नागरिकमुखी बन्नुपर्छ

आधा दर्जनभन्दा बढी दलको सहकार्यमा सरकार बनेका कारण शक्तिको भागबन्डा सायदै सहज होला। एक उपप्रधानमन्त्रीले सरकारमा प्रतिपक्षको भूमिका खेल्ने बताइसकेका छन्। अर्काले वरीयताको गुनासो गरिरहेका छन्। सरकारमा सहभागी नभएका दलले समेत विश्वास गरेकाले उनीहरूको पनि चित्त बुझाउनु पर्ने बाध्यता छ। नागरिकमुखी कार्यक्रम र कार्ययोजनमा यो सरकारसमेत खासै चुस्त देखिने सम्भावना छैन। न्यूनतम साझा कार्यक्रमको गोलमोटल प्रस्तुतिले त्यो देखाइसकेको छ। ठूला भ्रष्टाचारका फायल खोल्ने भनेर शीर्ष नेतालाई इंगित गर्न खोजिएको देखिन्छ।

कसैले गणतन्त्रलाई दोष देखाउँदै अब राजतन्त्रको पुनर्स्थापनाका लागि पहल गर्ने बताएका छन्। कोही धर्म सापेक्षताको लागि लड्ने बताउँछन्। गणतन्त्रलाई दोष दिँदै पुनः एकात्मक राज्य संरचनालाई ब्युँताउनु पर्ने दावा गर्नेहरू छन्। संसदीय पद्धति प्रत्युत्पादक भएको अनि प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्नेसम्मका तर्कहरू गरिँदैछन्। अवलम्बलन गरिएको व्यवस्थालाई लिएर विरोधाभास तथा भड्कावमूलक भाषणबाजी बढ्दैछ। यो संसद् पनि नागरिकका लागि आधारभूत र अपेक्षित व्यवस्थापकीय सेवाप्रवाह गर्नेभन्दा नीतिगत बहसबाजीमा अल्मलिने देखिन्छ। यसको सामुल असर सरकारलाई पनि पर्नेछ।

अधिकांशले अहिलेसम्म विगतका यो वा त्यो नीतिलाई यी अधोगतिको कारण देखाएर नै नागरिकलाई झुक्याए। विदेशी हस्तक्षेपका कारण काम गर्न नसेकेको भनेर आफ्नो कमजोरी र असक्षमता लुकाए। नीति परिवर्तन भएपछि स्वतः देशमा सामाजिक आर्थिक परिवर्तन हुने भाषणबाजीमा अल्मल्याए। अहिले पनि कार्यकारी अधिकारसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपति/प्रधानमन्त्रीको व्यवस्था ग रे यी अवस्था नदोहोरिने तर्क राख्नेहरूसमेत छन्। हामीले अहिलेसम्म भोगेका दृष्टान्तले यही बताउँछ। यस पटकको संसद् र सरकार निर्माणले यस्तो बहसबाजीको आत्मरतिमा रमाउनेलाई झनै सुनौलो अवसर दिएको छ। यस्तै अवस्था आउने देखिन्छ।

सबैका आफ्ना–आफ्ना गुण–अवगुण होलान् तर यहाँ नीतिभन्दा नियतकै कारण समस्या आएको देखिन्छ। नेतृत्वमा राम्रो नियत भए कुनै पनि नीति देशको प्रगतिमा बाधक बन्दैन। सवारीमात्र राम्रो होइन, यात्रुले अपेक्षित गन्तव्यमा सकुशल पुग्न सवारी चालक पनि कुशल हुनुपर्छ। यसैमा हामी नराम्ररी चुक्यौं। विश्वमा यी विविधताका बाबजुद उत्तिकै अलौकिक सफल अनि अनुपम अभ्यासहरू देखिएका छन्।

# पूर्वमाओवादी घटकबीच एकताको तयारी अन्तिम चरणमा

**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, काठमाडौं**

स्थानीय तहको निर्वाचन परिणाम आएलगत्तै (असार २०७९) माओवादीबाट विभिन्न कालखण्डमा विभाजन भई बनेका पार्टीहरुबीच एकता प्रयास अघि बढेको थियो। संघीय चुनाव अघि एकता गर्न तयारी भए पनि कार्यदिशा र पदाधिकारीको विषयमा सहमति नजुट्दा एकता हुन सकेन। प्रदेश र प्रतिनिधि सभा चुनावमा माओवादीले सोचेजस्तो परिणाम ल्याउन सकेन। तर, माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारको नेतृत्व गरेपछि फेरि पूर्वमाओवादी घटकलाई एकतामा ल्याउने प्रयास अघि बढेको छ।



नेताहरुका अनुसार बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा), गोपाल किराती, धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा बहुमत र नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपासँग एकता हुने निश्चित छ।

नेसपा, नेकपा बहुमतसँग तत्काल एकता गर्ने तयारीमा जुटेको माओवादी नेताहरु बताउँछन्। विप्लव नेतृत्वको नेकपासँग एकता सकारात्मक भएपनि टुंगो लागेको छैन।

'विप्लवजी सकारात्मक हुनुहुन्छ, तर एकता नभएसम्म यही होला भन्न सकिँदैन,' माओवादीबाट वार्ता टोलीका संयोजक कृष्णबहादुर महराले नेपालखबरसँग भने।

१० वर्षअघि मोहन वैद्यले एकीकृत माओवादी फुटाएर नेकपा क्रान्तिकारी माओवादी गठन गरेका थिए।

पार्टी गठन भएको २१ वर्षमा माओवादीमा पहिलो पटक ठूलो विभाजन थियो यो। त्यसयता धेरैवटा पार्टी बने।

अहिले मोहन वैद्यबाहेक अन्य पार्टीलाई एकैठाउँमा ल्याउन माओवादी उपाध्यक्ष एवं प्रवक्ता महरा, उपमहासचिव शक्ति बस्नेत र गिरिराजमणि पोखरेल सक्रिय छन्।

उनीहरुले माओवादी घटक मात्र होइन नेकपा एमालेदेखि एकीकृत समाजवादीका पदाधिकारी तहका नेताहरुसँग पनि एकतासम्बन्धी छलफल गरिरहेको छ।

माओवादीबाट विभाजन भई बनेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा), गोपाल किराती लगायतसँग एकता अन्तिम चरणमा पुगेको उपाध्यक्ष महराले नेपालखबरलाई बताए।

'बाबुरामजी, विप्लवजी र गोपाल किरातीजीसँगको पार्टी एकता लगभग अन्तिम चरणमा छ,' महराले भने, 'हामीले वामपन्थीहरु एमाले, एकीकृत समाजवादीसँग पनि सके पार्टी एकता नभए मोर्चा वा मञ्च बनाउने प्रयास गरिरहेका छौं, भोलिदेखि हाम्रो पार्टीको बैठक बस्दैछ, त्यसले ठोस् निर्णय गर्छौं।'

नेसपाका सहअध्यक्ष गंगानारायण श्रेष्ठले पूर्वमाओवादी घटकबीच एकता प्रक्रिया अगाडि बढेको बताए।

'हिजो कृष्णबहादुर महराजी, गोपाल किरातीसँग छलफल भएको थियो,' श्रेष्ठले भने, 'विप्लवजीसँग पनि कुरा भएको रहेछ, सकारात्मक हुनुहुन्छ भन्ने छ।'

राष्ट्रपति चुनाव अगाडि एकता गर्नेगरी छलफल भइरहेको उनले बताए।

'छिटो गर्नुपर्छ भन्ने त छ, धेरै कुरा मिलाउन बाँकी छैन, अब प्राविधिक विषय, एजेन्डाका कुरामा समझदारी भएमा छिट्टै हुन पनि सक्ला,' श्रेष्ठले थपे।

माओवादीका उपमहासचिव तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले पनि विप्लव, नेकपा बहुमत र नेसपासँग एकता अघि बढेको बताए।

'राष्ट्रपति चुनाव अगाडि नै गर्ने कि भनेर हाम्रो साथीहरु लागि रहनुभएको छ,' गजुरेलले नेपालखबरसँग भने, 'बाबुरामजी र धर्मेन्द्रजीसँग छिट्टै हुन्छ।'

पूर्वमाओवादी घटकबाहेक एकीकृत समाजवादी र मोहन बैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीसँग मोर्चा वा एकता संयोजन समिति बनाएर अघि बढ्ने र पछि मात्र एकता प्रक्रिया अघि बढ्ने गजुरेलको भनाइ छ।

माओवादीबाट फुटेर बने यी दल जनयुद्धबाट उदाएको एमाओवादीका प्रभावशाली उपाध्यक्ष मोहन वैद्यले ४ असार ०६९ मा रामबहादुर थापा बादल, नेत्रविक्रम चन्द, पम्फा भुसालसमेतलाई लिएर नेकपा-माओवादी गठन गरे।

३ असोज ०७२ मा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भए लगत्तै १० असोज ०७२ मा उपाध्यक्ष बाबुराम भट्टराईले एमाओवादीलाई भत्केको घरको संज्ञा दिँदै पार्टी छोडेर नयाँ शक्ति बनाए।

मोहन वैद्य नेतृत्वको नेकपा (माओवादी)बाट अलग भएर नेत्रविक्रम चन्दले मंसिर ०७१ मा नेकपा गठन गरे।

उता रामबहादुर थापा, पम्फा भुसाल, देव गुरुङ लगायतका नेताहरु २ जेठ २०७३ मा मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीबाट निस्किए। उनीहरुले ७ जेठ २०७३ मा एमाओवादीसँग एकता गरेर माओवादी केन्द्र बन्यो।

एकीकृत जनक्रान्तिको नारा लिएर सशस्त्र युद्ध गरेको विप्लव नेतृत्वको नेकपाका प्रभावशाली नेताहरु धर्मेन्द्र बास्तोला, हेमन्तप्रकाश वली लगायतले २१ वैशाख २०७९ मा नेकपा (बहुमत) गठन गरे।

३ जेठ २०७५ मा एमाले र माओवादीबीच पार्टी एकताप्रति असन्तुष्टि जनाउँदै माओवादी नेता गोपाल किराती बाहिरिएर बेग्लै समूह चलाइरहेका छन्।

'हामीले निष्कर्ष दिनेगरी वार्ता र छलफल जारी राखेका छौं,' महराले भने, 'अब कम्युनिस्टहरु एक बनाउने प्रयास रोक्दैनौं। चलिरहन्छ।'

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि मिल्नेजतिसँग एकता गर्न चाहेको बताएका छन्।

'हामी एकताका निम्ति सम्भावना हेर्छौं,' नेपालखबरसँग नेपालले भने, 'होइन भने मोर्चा बनाउने सम्भावना पनि हेर्छौं, त्यो नभए सहकार्यको सम्भावना पनि हेर्छौं- परिस्थिति जेका निम्ति परिपक्क भएको छ, जति जना तयार भएका छन्, तिनीहरुलाई साथमा लिएर जान्छौं।'

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कांग्रेसबाट राष्ट्रपतिको दौडमा यी चार नेता

**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, काठमाडौं**



राष्ट्रपति विद्यादेवी भण्डारीको ५ वर्षीय दोस्रो कार्यकाल आगामी फागन् २९ गते सकिँदै छ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐनअनुसार पदावधि सकिनु एक महिनाअघि नै नयाँ राष्ट्रपतिको निर्वाचन भइसक्नु पर्छ।

नयाँ राष्ट्रपतिका लागि निर्वाचन आयोगले मिति घोषणा गरेको छैन। तर प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले उम्मेदवारी दिने निर्णय गरिसकेको छ।

सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा सोमबार बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले राष्ट्रपतिमा उम्मेदवारी दिने निर्णय गरेको हो।

बैठकपछि पूर्वमहामन्त्री डा. शशांक कोइरालाले राष्ट्रपतिमा पार्टीका तर्फबाट उम्मेदवारी दिने निर्णय गरिएको बताएका थिए। तर उम्मेदवारबारेमा पार्टीभित्र औपचारिक रुपमा छलफल सुरु भइनसकेको उनले बताएका थिए।

'राष्ट्रपतिमा नेपाली कांग्रेसले उम्मेदवारी दिन्छ भन्ने हाम्रोबीच कुरा भयो,' पदाधिकारी तथा पूर्वापदाधिकारी बैठकलगत्तै उनले सञ्चारकर्मीहरुलाई संक्षिप्त प्रक्रिया दिँदै भनेका थिए, 'व्यक्तिबारे कुनै कुरा भएको छैन।'

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पार्टीका तर्फबाट अघि सारिएका उम्मेदवारलाई जिताउन अन्य दलहरुसँग छलफललाई अगाडि बढाउने निर्णय बैठकले गरेको बताएका थिए।

'राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेसले अरु दलहरुको सहयोग लिएर प्रस्तुत हुने दृष्टिकोण रहेको छ,' बैठकपछि उनले भनेका थिए, 'त्यसका लागि संसदका अन्य दलहरुसँग छलफल अगाडि बढाउने निर्णय बैठकले गरेको छ।'

कांग्रेसले राष्ट्रपतिको आशन्न निर्वाचनमा कसलाई उम्मेदवार बनाउँछ भन्ने निश्चित छैन। तर, कांग्रेस वृत्तमा राष्ट्रपतिको उम्मेदवारका लागि ४ नेताको नाम चर्चामा छ।

धुम्बाराहीमा बसेको सोमबारको बैठकमा चार नेताको नामबारे चर्चा भएको थियो। बैठकमा सहभागी नेताहरुका अनुसार वरिष्ठ नेता रामचन्द्र पौडेलसँगै कृष्णप्रसाद सिटौला, गोपालमान श्रेष्ठ र मानबहादुर विश्वकर्माको नाम राष्ट्रपतिको उम्मेदवारका रुपमा आएको हो।

बैठकमा सहभागी एक नेताकाअनुसार पौडेल र सिटौलाको नाम नै लिएर सभापति देउवाले राष्ट्रपतिको आकांक्षीका रुपमा प्रस्तुत गरेका थिए। ती नेताका अनुसार पौडेल र सिटौलाको नाम आउँदा अन्य नेताले श्रेष्ठ र विश्वकर्माको पनि चर्चा गरेका थिए।

'सभापतिज्यूले हाम्रो पार्टीबाट रामचन्द्रजी र सिटौलीजी आकांक्षी हुनुहुन्छ भन्नुभयो,' ती नेताले भने, 'उहाँले त्यसो भन्दा अरु साथीहरुले गोपालमानजी र मानबहादुरजी पनि हुनुहुन्छ। उहाँहरुले पनि इच्छा राख्नुभएको छ भने। त्यसमा सभापतिज्यूले हो-हो गोपालमानजी र मानबहादुरजीले पनि भन्नुभएको छ, भन्नुभएको हो।'

कांग्रेस प्रवक्ता महतले पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा वरिष्ठ नेता पौडेल, पूर्वमहामन्त्री सिटौलासँगै नेताद्वय श्रेष्ठ र विश्वकर्माको पनि नाम राष्ट्रपतिको आकांक्षीका रुपमा आएको पुष्टि गरे।

'उहाँहरु (पौडेल र सिटौला) बैठकमै हुनुहुन्थ्यो। सभापतिले दुवैको नाम लिनुभएको थियो,' उनले नेपालखबरसँग भने, 'अरुले गोपालमान र मानबहादुरले पनि इच्छा राख्नुभएको छ नि भन्नुभएको हो। सभापतिज्यूले पनि हो भन्नुभा'थ्यो।'

कांग्रेसमा राष्ट्रपतिको उम्मेदवार का लागि ४ जनाले आकांक्षा देखाए पनि पौडेल र सिटौलामध्ये एक उम्मेदवार बन्ने सम्भावना बलियो छ।

मंसिर ४ मा सम्पन्न निर्वाचनलगत्तै राष्ट्रपतिमा आकांक्षा राखेका वरिष्ठ नेता पौडेलले पछिल्लो समय राष्ट्रिय सहमतिमा जोड दिँदै आएका छन्।

वरिष्ठ नेता पौडेलले मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा पनि राष्ट्रिय सहमतिको आवश्यकता औंल्याएका थिए।

'आज तीनवटा कारणले देशलाई राष्ट्रिय सहमतिको आवश्यकता छ। एउटा कुरो मुलुकको जुन अर्थतन्त्र छ, यो कमसल आर्थिक अवस्था।अर्को भू-राजनीतिक दबाब,' उनले भने, 'अर्को कुरा हाम्रो शान्ति प्रक्रिया अझै पूरा भइसकेको छैन। १२ वर्षे द्वन्द्वले देशलाई कति ठूलो घाउ लागेको छ? कति ठूलो चोट परेको छ? शान्ति प्रक्रियालाई पूरा गर्नु हाम्रो कर्तव्य हो।'

पुस १० गते ५ दलीय गठबन्धन टुटेर पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा सरकार गठन भएर कांग्रेस प्रतिपक्षमा पुगेपछि सिटौलाको नाम पनि राष्ट्रपतिको उम्मेदवारका रुपमा चर्चामा आएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनसँग झापा-३ मा पराजित सिटौलाले तत्कालीन विद्रोही नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन महत्वपूर्ण भूमिका खेलेका थिए।

कांग्रेसको १४ औं महाधिवेशनमा उनले आफ्नो समूहका युवा नेता प्रदीप पौडेललाई संस्थापन समूहबाट महामन्त्रीमा अघि सारेर देउवालाई सभापतिमा सघाएका थिए।

महाधिवेशनमा नेता पौडेलले पनि 'अदृश्य' रुपमा देउवालाई सहयोग गरेको कांग्रेसमा चर्चा हुने गरेको छ।

सिटौला कांग्रेसको १३औं महाधिवेशनदेखि कांग्रेसमा 'तेस्रो धार'को नेतृत्वकर्ताका रुपमा चिनिन्छिन्।

सिटौलाले बेला-बेला पार्टी सभापति देउवा र वरिष्ठ नेता पौडेलबीचको असमझदारी हटाउन समन्वयकारी भूमिकासमेत निर्वाह गर्दै आएका छन्।

अर्का आकांक्षी विश्वकर्माले १४ औं महाधिवेशनमा संस्थापन पक्षबाट दलिततर्फ सहमहामन्त्रीमा उम्मेदवारी दिएका थिए।

उनी कांग्रेसको भ्रातृ संगठन नेपाल दलित संघको संस्थापक अध्यक्ष हुन्। दुईपटक सांसद तथा वातावरण, विज्ञान तथा प्रविधिमन्त्री भइसकेका विश्वकर्मा कांग्रेसको नीति तथा प्रशिक्षण विभाग प्रमुख रहिसकेका छन्। उनले पूर्णकालीन राजनीतिमा प्रवेश गर्नुअघि त्रिभुवन विश्वविद्यालयमा दुई दशकसम्म प्राध्यापन गरेका थिए।

# मानव कल्याण समाज नेपालको तेस्रो वार्षिक साधारणसभा सम्पन्न



**दिवेशकुमार महतो**

**माघ ११ गते, ढल्केवर**

धनुषाको मिथिला बिहारी नगर पालिका वार्ड नं -८ कचुरी स्थित रहेको मानव कल्याण समाज नेपाल को तेस्रो वार्षिक साधारणसभा भव्यताको साथ सम्पन्न गरिएको छ।

मानव कल्याण समाज नेपाल का अध्यक्ष रबिता देवी यादवको अध्यक्षतामा प्रदेश अनुसन्धान तथा परिक्षण केन्द्र जनकपुरधामको सभाहलमा कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा संस्थाका कार्यसमिति सदस्य हिरा साहले स्वागत मन्तब्य राखेका थिए। कार्यक्रममा संस्थाका कार्यक्रम संयोजक प्रमोद कुमार यादवले संस्थाको कामकारबाही र संस्थाले गरेको कामहरुको बारेमा र आगामी रणनितीको बारेमा प्रस्तुत गर्नुभएको थियो।

सदभावपुर्ण,समतामुलक,आत्मनिर्भर तथा समृद्ध समाजको स्थापनाको लागि स्थापना भएको यस संस्थाले विभिन्न कालखण्डमा किसान लगायत अति विपिन्न समुदायका मानिसहरूलाई सहयोग गरेको कुरा बताउनुभयो। साथै समाजिक, सहयोग ,सदभाव अभिवृद्धि समान्त मानव अधिकार संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन मार्फत गरिब विपन्न तथा सिमांकृत समुदायको अधिकार प्रत्याभूत तथा जीवनस्तर उकास्न समतामुलक, आत्मनिर्भर सभ्य समृद्ध समाजको स्थापना का लागि यो संस्था तत्पर रहेको कुरा जिकिर गर्नुभयो।

कार्यक्रमको प्रमुख अतिथि मधेस प्रदेश सरकारका पुर्व आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र कुमार यादवले संस्था प्रति धन्यवाद व्यक्त गर्दै किसान प्रति जोड दिन आग्रह गर्नुभयो। यादवका अनुसार यस प्रदेशमा कृषिको सम्भावना धेरै भएतापनि जसरी कृषि क्षेत्रमा सरकारले लगानी गर्नुपर्ने हो त्यहाँ कतै न कतै संघीय सरकार चुकेको अवस्था रहेको बताउनुभयो। एउटा इन्जिनियरले आफ्नो छोरालाई इन्जिनियर बनाउन खोज्छन्,एउटा डाक्टरले आफ्नो छोरालाई डाक्टर बनाउन खोज्छन् तर एउटा किसानले आफ्नो छोरालाई किसान बनाउन किन खोज्दैनन् ।

सरकारले कृषि लाई हेपेकै कारण किसानका छोराछोरीहरु पलायन हुने अवस्था सिर्जना भएको बताउनुभयो।

समाज उत्थान र मानवको कल्याण हुने जगतमा उल्लेखनीय भुमिका निर्वाह गरेकाहरुलाई प्रमुख अतिथि यादवले दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो भने संस्थाका अध्यक्षले प्रमुख अतिथि लाई समेत दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो।





**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

## दिलीप महतो हत्या प्रकरण : घटनास्थलमा पुगेर प्रतिवेदन तयार गर्ने तीन प्रहरीलाई अदालतमा हाजिर हुन आदेश



**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, जनकपुर**

धनुषाको औरही खोलामा भइरहेको अवैध उत्खननको विरोध गर्दा मारिएका दिलीप महतो हत्या मुद्दामा बुधबार पनि फैसला हुन सकेन।

धनुषा जिल्ला अदालतका न्यायाधीश चित्रबहादुर गुरुङको इजलासले घटनास्थलमा पुगेर प्रतिवेदन तयार गर्ने तत्कालीन प्रहरी निरीक्षक रामकुमार यादवसहित तीन जना प्रहरीलाई अदालतमा हाजिर हुन आदेश दिएको छ।

यसअघि गत मंसिर २९ गते हत्यामा प्रयोग भएको टिपर धनीलाई बुझ्ने आदेश दिइएको थियो । गएको पुस २८ गते अदालतमा उनको बकपत्र भएको थियो। मुद्दामा हालसम्म २० वटा पेसी चढिसकेको छ । तर, मुद्दा किनारा लागेको छैन । विगत ३ वर्षमा २० पटक पेसी चढेको छ। २०७६ माघ २२ मा दर्ता भएको यो मुद्दा अहिले पनि साक्षी बुझ्ने चरणमै छ । घर अगाडिको औरही खोलाबाट भइरहेको ढुंगा, गिट्टी र बालुवाको अवैध उत्खननको विरोध गर्दा ओमप्रकाश महतो ( दिलीप) ले २०७६ पुस २५ मा ज्यान गुमाएका थिए। अनियन्त्रित उत्खननविरुद्ध आवाज उठाइरहेका दिलीपको चुरियामाई बालुवा प्रशोधन उद्योगका सञ्चालक र कामदारले हत्या गरेको अभियोग लागेको छ। क्रसर उद्योग सञ्चालक विपिनकुमारले अवैध एवं अनियमित रूपमा बालुवा-गिट्टी उत्खनन गरेको भन्दै विरोध गर्न २०७६ पुस २५ गते बिहान ४ बजे दिलीप खोलामा पुगेका थिए तर उनी त्यहााबाट जीवितै फर्किएनन।

दिलीपको हत्या गरेको भन्दै चुरियामाई बालुवा प्रशोधन उद्योग सञ्चालक विपिनकुमार महतो, उनका दाइ विनोदकुमार महतो, उद्योगमा कार्यरत मुनिन्द्र महतो, जितेन्द्र महतो, सत्यनारायण महतो, शत्रुधन महतो र दिलीपका साथी रोशनकुमार यादवविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।कामदारहरू सत्यनारायण र शत्रुधन तथा विनोदका साथी र ोशनकुमारलाई जिल्ला र उच्च अदालतले २५ हजार धरौटीमा छाडेका छन । उद्योग सञ्चालक विपिन तथा उनका कामदारहरू मुनिन्द्र र जितेन्द्र पुर्पक्षका लागि थुनामा छन। दिलीपलाई लिभरले हत्या गरी ना ७ ख ६४१३ नं. टिपरको पछाडि चक्काले टाउकोमा कुल्चाएर मारी सडक दुर्घटनाको रूप दिने प्रयास गरिएको थियो।

## सांसद लक्ष्मी महतोको पक्षमा उत्रिए नागरिक समाज, झुठा मुद्दा फिर्ता गर्न मांग




**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, जनकपुर**

एमालेबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधीसभा सदस्य लक्ष्मी महतोलाई पक्राउ गर्न सरकार माथी कांग्रेस सहितका दलहरुले दबाब दिइरहेका बेला जनकपुर धाममा सांसद महतोको पक्षमा प्रदर्शन भएको छ।

नागरिक समाज जनकपुरधामको ब्यानरमा एक समुहले जनकपुर धाममा प्रदर्शन गर्दै जनताबाट निर्वाचित समाजसेवी समेत रहेका महतो माथी झुठा मुद्दा लगाइएको भन्दै मुद्दा फिर्ता गरि महतोलाई संसदमा जनताको हितमा काम गर्न दिन मांग गरेका छन्।

मधेश आन्दोलनताका अगुवा समेत रहेका महतोलाई नियोजित तरिकाले फसाउन अहिले षडयन्त्र भइरहेको उनीहरुको आरोप छ।

आफना क्षेत्र र महोतरी जिल्लामै जनताका सेवकको छवि बनाएका महतोलाई अहिले एमालेबाट जितेकै कारण विभिन्न शक्तिहरु फँसाउन लागि परेको उनीहरुको बुझाई छ। अप्रत्यासित रुपले जनताको मतबाट महतो जितेपछि उनी माथी षडयन्त्र सुरु भएको हो, जुलुसमा सहभागि एक युवा अगुवाले बताए।

एकातिर थारुको मन जितेका अगुवा नेता रेशम चौधरीलाई फँसाएर जेलमा राखिएको र अव चुनाव जितेकाले नै महतोलाई पनि फँसाउने काम भइरहेको छ, उनीहरुको दावी छ। महतो सांसदमा हार्दा सम्म सबैको प्यारो तर आज जनप्रतिनिधी भइसके पछि अपराधी ? यसैले पनि दालमा काला सपष्ट भइरहेको उनीहरुको भनाई छ।

चौधरी, महतो सहित जनतामा लोकप्रिय नेताहरु सहित मधेश आन्दोलनको क्रममा लगाइएका झुठा मुद्दाहरु तुरन्त फिर्ता गर्न उनीहरुले मांग गरेका छन्।

## मधेश प्रदेशका २ सांसदले आज शपथ लिए

**खबर दर्पण समाचारदाता**

**माघ ११ गते, जनकपुर**



मधेश प्रदेशमा नेकपा (माओवादी केन्द्र)बाट समानुपातिकतर्फ निर्वाचित दुई जना प्रदेशसभा सदस्यले बुधबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ । मधेश प्रदेशको प्रदेशसभा सचिवालयमा आयोजित एक कार्यक्रमबीच नेकपा माओवादी केन्द्रकी मालाकुमारी कर्ण र रैजी हैदरले आज पद तथा गोपनीयताको शपथ लिनुभएको हो । मालाकुमारी कर्ण गोरखापत्र संस्थानको सप्तरी समाचारदाता हुनुहुन्थ्यो।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको उपस्थितिमा प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले दुवै जना प्रदेशसभा सदस्यलाई शपथ गराउनुभएको छ। प्रदेशसभा सदस्य कर्णले मैथिलीमा र हैदरले उर्दू भाषामा शपथ लिनुभएको छ।

दुवै जनाले शपथ ग्रहण गरेपछि प्रदेशसभाका सभामुख मण्डल, मुख्यमन्त्री यादवसहित शपथ ग्रहण कार्यक्रममा उपस्थित मन्त्री र संसदीय दलका नेताहरुले दुवैजना प्रदेशसभा सदस्यलाई बधाई तथा शुभकामना दिनुभयो।

आज शपथ ग्रहण गर्नुभएका दुवै जना प्रदेशसभा सदस्यहरुले मधेश प्रदेश र यहाँका जनताको समृद्धि र विकासका लागि आवश्यक कानुन र नीति निर्माणमा इमानदारीपूर्वक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसअघि दुवै जनाको विषयमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेको कारण पुस १५ गतेको शपथ ग्रहण कार्यक्रममा उहाँहरुलाई शपथ नगराउन निर्वाचन आयोगले प्रदेशसभालाई पत्राचार गरेको थियो । दुवै जनाको मुद्दाको छिनोफानो सर्वोच्च अदालतले गरि दिएका कारण आज उहाँहरुलाई शपथ ग्रहण गराइएको हो । दुवै जनाले आज शपथ लिएपछि प्रदेश सभामा अब १०७ जना प्रदेशसभा सदस्यको सङ्ख्या पूरा भएको छ।


## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

**बर्दिवास नगरपालिका, महोत्तरी**



## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**वागमती सिंचाई आयोजना, कर्मैया, सर्लाही**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा